हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १४२ पृष्ठ : ४ २०७७ पुस ०७ गते मंगलबार (Tuesday 22 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

### प्रतिनिधिसभा विघटनको दोस्रो दिन

# सिरहाका विभिन्न स्थानमा विरोध प्रदर्शन





**लहान ।** संघीय संसदको प्रतिनिधिसभा विघटन गरेको विरोधमा दोस्रो दिन सोमबार पनि सिरहाका विभिन्न स्थानमा विरोध प्रदर्शन भएका छन् ।

नेकपा सम्बद्ध विभिन्न जनवर्गीय संगठनका साथै नेपाली कांग्रेस र जनता समाजवादीका कार्यकर्ता सोमबार पनि विरोध प्रदर्शनमा उत्रिएका हुन । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधि सभा विघटन सिफारिस असंवैधानिक भएको भन्दै नेता तथा कार्यकर्ताहरूले सिरहाको लहान, धनगढी, गोलबजार, मिर्चैया, सदरमुकाम सिरहा बजार, सुखीपुर लगायत ग्रामीण बजार क्षेत्र लगायत विभिन्न स्थानमा विरोध प्रदर्शन गरेका हुन । लोकतान्त्रिक व्यवस्था नै धरापमा पार्ने प्रधानमन्त्रीको संसद विघटनको प्रस्ताव फिर्ता लिनुपर्ने उनीहरूले माग गरेका छन् । उनीहरूले कालो ब्यानर बोकेर विरोध प्रदर्शन गरेका थिए ।

### तीन दलको दुईबुँदे निर्णय

## केन्द्रीय समितिको म्यान्डेट लिएर विरोधमा उत्रिने

**ने**पाली कांग्रेसको आह्वानमा सोमबार बसेको संसदका प्रमुख तीन दलको बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीको संसद विघटनको कदमलाई असंवैधानिक र अलोकतान्त्रिक भएको सामूहिक धारणा बनाएको छ ।

प्रधानमन्त्री ओलीको कदमले संविधानसभाबाट प्राप्त उपलब्धिलाई मास्ने र संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोखिममा लैजाने निष्कर्ष निकालेका दलहरूले विरोधस्वरूप र विधिका विषयमा भने कुनै निर्णय लिएका छैनन् ।

सबै दलले आ-आफ्नो दलभित्र असन्तुष्टि भएमा त्यसले लोकतन्त्र र संविधानको संरक्षणका लागि उठाउने कदम कमजोर हुने भन्दै केन्द्रीय समिति बैठकबाटै निर्णय गरेर विरोध थाल्ने सहमति गरेका हुन् ।

प्रमुख दलले गरेका सहमतिका दुईबुँदा यस्ता छन् ।

———— बाँकी ३ पेजमा

# लहानमा जारी क्रिकेट प्रतियोगिता

## तेस्रो खेलमा लहान-६ विजयी




■ फिरोज शेख

**लहान ।** लहानमा संचालित टि टवान्टी क्रिकेट प्रतियोगिता अन्तर्गत सोमबार सम्पन्न तेस्रो खेलमा लहान-६ टिम विजयी भएका छन् ।

लहान स्पोर्ट्स एकेडमीको आयोजना र लहान नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्षका प्रत्यासी श्याम साह भोरे भोरको टाइटल स्पोनर, चुरिया एग्रोटेक रिसर्च सेन्टर प्रा.लि र क्वालिटी टेलर्स ७ ट्रेडरको सहयोगमामा टि टवान्टी क्रिकेट प्रतियोगिता सञ्चालित छ ।

प्रतियोगिता अन्तर्गत लहान स्पोर्ट्स एकेडमी र लहान-६ बीच सोमबार तेस्रो खेल सम्पन्न भएको हो । लहान स्पोर्ट्स एकेडमीले टस जितेर पहिला ब्याटिंग गर्दै निर्धारित २० ओभर खेल्दै ९ विकेटको क्षतिमा निशान्त यादवको ११ रन, चमनको १४ रन र शिवको १८ रनको मद्दतले ८६ रनको सम्मानजनक योगफल तयार पार्न सफल भएको थियो ।

लहान स्पोर्ट्स एकेडमीलाई ८६ रनमा रोक्न लहान -६ को तर्फ बाट किरण मुखिया ३ विकेट ,अर्जुन भुजेल १ विकेट ,सतिश २ विकेट, अर्जुन प्रसाद भुजेल २ विकेट र पंकज यादवले १ विकेट लिन सफल भएका थिए ।

८७ रनको विजय लक्ष्य सहित मैदानमा ओर्लिएको लहान-६ ले उत्कृष्ट प्रदर्शन गर्दै मात्र १० ओभरमा ५ विकेट गुमाई विजय लक्ष्य चुमेको थियो । लहान-६ का लागि अनिस मण्डलले ३९ रन र दिपक वर्माले १४ रनको योगदान दिदै आफ्नो टिमलाई विजय लक्ष्य सम्म पुऱ्याएका थिए । बलिङ्ग तर्फ लहान स्पोर्ट्स एकेडमीका निशान्त यादवले ह्याट्रिक ३ विकेट लिए पनि आफ्नो टिम लाई हारबाट जोगाउन सकेनन् । त्यसैगरी एकेडमीका मनिष मण्डलले २ विकेट लिन सफल

———— बाँकी ३ पेजमा

छिटो भनेकै WORLDLINK
Terms and Conditions Apply
3C 25 Mbps Rs. 1,250* PER MONTH
6C Rs. 2,700 Rs. 2,200* PER MONTH
SPEEDमा BOOST नगदमा छुट
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# राजसंस्थाको अभिभावकत्वमा सर्वपक्षीय राष्ट्रिय सरकारको माग



राजसंस्था र हिन्दुराष्ट्रको माग गर्दै आन्दोलनमा रहेका विभिन्न १६ वटा संघसंस्थाहरूले राजसंस्थाको अभिभावकत्वमा सर्वपक्षीय राष्ट्रिय सरकार गठन गर्न माग गरेका छन् । उनीहरूले सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरी देशलाई गम्भीर संकटबाट जोगाउन राजसंस्थासहितको सर्वपक्षीय राष्ट्रिय सरकारको माग गरेका हुन् ।

१६ वटा राष्ट्रभक्त संघसंस्थाहरूका तर्फबाट सोमबार जारी संयुक्त विज्ञप्तिमा असंवैधानिक तरिकाले संसद विघटन भएकाले विद्यमान व्यवस्था र संविधान असफल भएको निष्कर्ष निकालिएको छ । सरकार र नेतृत्व पंक्तिसमेत असक्षम साबित भएको निष्कर्ष ती संस्थाहरूले निकालेका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'वर्तमान बहुमतिय सरकारबाट अपारदर्शी, निरकुंश, अधिनायकवादी र असंवैधानिक कदमहरू चालिएबाट राष्ट्रमा अराजकता, सामाजिक द्वन्द्व, अवान्छिनीय चलखेल समेतका कारण राष्ट्रिय संकट बढ्दै जाने आँकलन गरी सर्व पक्षीय सहमती नै नगरी ताजा जनादेशको नाम र षड्यन्त्रमा देश पुनः अस्थिर राजनीति र अनिर्णयको बन्दी हुने देखिएको छ । इतिहास त्यही रूपमा दोहोरिदैन २१ औं शताब्दीमा आवश्यक सुधार सहित राष्ट्रवादको जगमा रहने 'संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र' वैकल्पिक राजनैतिक अवधारणा हो ।'

ती संघसंस्थाहरूले अहिलेको अवस्थामा निर्वाचनमा जानु भनेको विदेशीलाई खुसी पार्नु, देश र जनतालाई ऋण र करको थप बोझमा दबाउनु भएको तर्क गरेका छन् । देशलाई सनातन सस्कृति र संवैधानिक प्रबल राजसस्था र प्रजातन्त्र नै २१ औं नेपालको पहिचान, विकास र स्वाधिनताको लागि औचित्यपुर्ण ठहर गर्दै तत्काल सर्वपक्षीय राजनीतिक सहमति जुटाई हिमाल, पहाड र तराईका सम्पूर्ण राष्ट्रवादी, देशभक्त लगायत प्रजातन्त्र प्रेमीहरू नेपालको राष्ट्रिय झण्डामा गोलबद्ध हुन अपिल समेत गरेका छन् ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक | लहानपोस्ट LAHANPOST DAILY

# घुरको धुवाँ

**राजेश खनाल**

गोधूलि समयको औरही गाउँ । घरको नगोलमा बसेको छु । सडकमा कुदिरहेका छन् साइकल, मोटरसाइकल । केही टायर गाडा, बयल गाडाहरु गन्तव्य पक्डेर लम्किरहेका छन् । गाई, गोरू पङ्ाइ्पङ्ु्इ देखिन्छन् डगहर (धुले सडक) मा, बासतिर लम्किँदै ।

अचानक घुरको धुवाँ म बसेतिर मडारिएर आइपुग्छ । घुरको धुवाँको तिक्खर गन्ध ! सडकपारिको घर–गोठछेउमा बालिएको घुरको धुवाँ मलाई झस्काउनै नगोलसम्म आइपुगेको रहेछ ।

केहीबेर त्यही धुवाँसँगै रगमगिएँ म पनि । त्यसले मलाई मेरो किशोरवयमा पुर्यायो । झन्डै पैँतालीस वर्षअगाडि ! पैँतालीस वर्षअघि मावल गाउँमा त्यही घुरछेउ बसेर आगो तापियो । आफ्नै उमेर समूहका केटाहरूसँग अनेक रङका खेलाँची गरियो । केही सिकियो । केही नौटंकी गरियो !

नगोलमा त्यही समय सम्झिएँ । नौटंकी सम्झिएँ । साथीभाइ सम्झिएँ । र सम्झिएँ घुरको आगोले दिएको त्यही न्यानोपन ।

काम गर्ने जिम्मा लिएकाले साँझ सिँगै दरबज्जा ( खलियान) मा सिनित्तै झाडु ( खरेटो) लगाए । बाँसको झाडुले कुना–काप्चा सबैतिरको फोहोर सोहोर्दै गर्दा सर्वत्र धुलोले धुम्म बनायो । त्यसबेला त्यसरी पात–पतिङ्गर, लार–पुवारसहितका कसिङ्गर सोहोर्दा कसले मास्क लगाउने ! कसले नाक छोप्ने ! अहिले भए सायद गोजीबाट रूमाल निकालेर नाक छोपिन्थ्यो होला । मास्क झिकेर भिरिन्थ्यो होला ।

तर, त्योबेला के को नाक छोप्नु ! त्यही धुलोमा नाक रगडिँदा पनि रूघा लाग्थेन ! उमेरै त्यस्तो थियो जो ! हो, हजुरबा खलकका बूढापाका भने गमछा (पातलो टाबेल) लाई गलेबन्द र मास्क दुवै बनाउँथे ।

दरबज्जाको एउटा कुनामा टुक्रुक्क बसेका हाम्रा बाबा र कान्छबाका गमछाले नाक छोप्ने काम पाएको थियो । हामी भने त्यो धुलो पनि कम भएजस्तै गरी उफ्रीउफ्री झन् धुलो उडाउँदै थियौँ । गाउँमा साँझपखको दैनिकी यस्तै हुन्थ्यो । हरेक घरका सुक्खा फोहोरहरु बाहिर घुरको डुङ्गरमा फ्याँकिन्थ्यो । त्यसबेलासम्म गुहाली (गोठ) मा चर्न गएका गाई, गोरू, भैँसी, बाख्रा–बाख्री भित्रिसकेका हुन्थे ।

गुहाली व्यवस्थापनको काम सजिलो हुन्न । गुहालीमा रहेका पशुधनलाई पिना, सानी, कुट्टी, कुँडोको व्यवस्था आफैँमा गाह्रो हुन्छ । त्यो सकाएर गाई–भैँसीको दूध दुहेपछि मात्रै बाहिर घुर बाल्ने तयारी हुन्थ्यो ।

सिरहा जिल्लाभित्र पर्ने त्यो नितान्त गाउँ भलुवाही (जुन मेरो मावल हो) मा मेरो किशोरकालको लामो समय बित्यो । र, त्यहीँ मैले घुरको आगो तापेँ । घुरको धुवाँले हानेको आँखा मिच्दै मनग्ये आँसु, र्याल र सिँगान बगाएँ । घुरमा बलेको पराल र गुइँठा छोएर कालो भएको हात आँखादेखि अनुहारसम्मै दलेँ । अनुहार कालो न कालो बनाउँदै ।

तर, घुरको तातोले ज्यान सेकाउन छाडिनँ । बडेमानको घुरमा बलेको आगोको तापले ज्यान मज्जाले तात्थ्यो । भलै, पछिल्तिर चिसोले सेकोस् ! घुरको तातो त त्यही हो, अगाडि सेकुन्जेल अगाडिको भाग तातो । पछाडि पिठ्युँ सेक्न थालेपछि अगाडिको भाग सेलाउन बेरै नलाग्ने ।

र पनि घुरले मोहित बनाएको थियो । साँझ परेपछि घुर कतिबेला बाल्ने होला भनेर पर्खिएर बसिन्थ्यो । हामीलाई भने घुर बाल्न अनुमति थिएन । 'आगो नचला, राति ओछ्यानमा पिसाब हुन्छ' भन्नुहुन्थ्यो हजुरआमा । त्यसैले डर कायम थियो । ओछ्यानमा पिसाब फेर्ने जोखिम मोल्ने कुरै थिएन !

बडो मिहिनेत साथ घुर बल्थ्यो । बिजुली पुगेको थिएन गाउँमा । लालटिनभन्दा बढी डिबिया (टुकी) कै प्रयोग अधिक हुन्थ्यो । कहिलेकाहीँ घुरले घुर्की देखाउँदा त्यही लालटिन अथवा डिबियाबाट मट्टितेल खन्याएर घुर दन्काउँथे, जुगुत र मंगलाहरु । अनि, जगमगाउँथ्यो सारा दरबज्जा, झललल । हाम्रो घरअघिल्तिरको दरबज्जामा मात्रै होइन, प्रायः हरेक दरबज्जामा घुर बल्थ्यो । हो, कतैको घुरमा



बढी भिड हुन्थ्यो भने कतै थोरै मानिस मात्रै रहन्थे । र, जहाँ गफाडी हुन्थे, त्यो घुरमा जमघट पनि दह्रै हुन्थ्यो ।

आज सोच्दा लाग्छ, त्यो घुर संस्कृति आफैँमा उत्कृष्ट थियो । त्यसले घरको फोहोर मैलाको साङगोपाङगो व्यवस्थापन गरेको त थियो नै । त्योसँगै सबै मानिसलाई एकठाउँमा ल्याएर जोडेको थियो । घुर एउटा चौतारोजस्तै थियो । कहिलेकाहीँ त सानो घुर भए पनि वरिपरि आगो ताप्ने र उभिएर गफैमात्र सुन्ने पनि प्रशस्त हुन्थे ।

घरको गल्नेखालका फोहोर बारीको खाल्डोमा मल बनाउन हालिन्थ्यो । बाँकी फोहोरले घुर ताक्थ्यो । र, त्यही फोहोर केहीबेरमै खरानी बन्थ्यो । घुर संस्कृति, वास्तवमा फोहोर व्यवस्थापनको अनुपम उदाहरण थियोभन्दा अतिरञ्जना नहोला । सबैको माटो र फुसकै घर थिए । तर पनि घरमा फोहोर देखिन्थेन । फोहोर केही निस्किए त्यसले आफ्नो उचित स्थान पाउँथ्यो नै ।

गुहालीबाट निस्कने गाईरभैँसीका गोबर धेरैजसो गुइँठा र चिपरी (आगो बाल्न प्रयोग हुने जर्ना) बनाउनमा काम आउँथ्यो । फेक्न बाँकी रहेका गोबरले त्यही घुर समाउँथ्यो । त्यसैले पनि घुरको आगो रातभर गाढा रातो भएर भित्रभित्रै बलिरहेको हुन्थ्यो ।

कहिलेकाहीँ रातबिरात निद्रा खुल्दा पनि झ्यालबाट घुरको छेउछाउ कोही न कोही बसिरहेका देखिन्थे । बिहान झिसमिसेमा उठ्दा म पनि धेरैपटक घुरको आगो ताप्न पुगेको छु ।

जाडोको एक साँझ खाना खाइवरी भान्सामै गफगाफ चल्दै थियो । भान्साको एकमुखे चुलोमा दूध उम्लिरहेको थियो । चुलोमा दाउरा दनदनी बलेकाले भान्सा कोठा तातो थियो । त्यसैले चुलोकै छेउमा बसेर हजुरआमाको कुरा सुनिरहेको थिएँ । त्यसैबेला दरबज्जाबाट जोडदार सिटी बज्यो । हजुरआमाले मतिर हेर्दै भन्नुभयो, "आए राहुहरु ! अब निस्क्यो यो पनि ।" अनि, भन्नुभयो, "चाँडै फर्किनू । ढिलो गरिस् भने बाबा रिसाउनुहुन्छ ।"

यति अनुमति मिलेपछि के चाहियो । त्यसपछिको आधा–एक घण्टा चहारी–चहारी घुर ताप्नलाई कसले रोक्ने । अनि, किरण, पुष्कर र म हिँड्थ्यौँ, कहिले पिताजीको दरबज्जामा बलेको घुर ताप्न त कहिले गौतम कुटीरमा दन्किएको घुरको तातोमा रन्किन ।

बाहिर आगो नदन्किए पनि गहिरो ताप दिन्थ्यो, त्यस्ता घुरहरूले । बरू, बेलाबेलामा आँखै पोल्ने धुवाँ र त्यसको तिक्खर गन्धले घुर छोडेर भागुँ भन्ने बनाउँथ्यो । तर, भाग्न सकिन्थेन । एकापट्टि मात्रै तातो पारे पनि त्यो आनन्दको गर्माहट् छोड्न सकिन्थेन !

घुर बाल्ने ठाउँ एउटा चौतारोसरह हुन्थ्यो । जब घुर सल्किन्थ्यो, विस्तारै विस्तारै सबै घुरको वरिपरि जम्मा हुन्थे । कहिलेकाहीँ घुरमा बाबाखलकको जमघट हुन्थ्यो । कुन र कसको खेतमा धान राम्रो भयो, धान राम्रो उब्जेन भने किन उब्जेन, खेतमा पानी पुगेन कि, खाद पुगेन कि, बीउ राम्रो भएन कि ?

चौमासमा रोपेको आलु, प्याज अनि मडुवा (कोदो) कस्तो भएको छ ? यी खेती–किसानीका समस्याहरूसँगै गाउँघरका समस्याहरूमाथि पनि छलफल भएको मैले धेरैपटक सुनेको छु । यदि, सिक्न खोज्ने हो भने त्यहीँ बसेर पनि खेती कसरी गर्ने भन्ने सिकिन्थ्यो, बूढाहरूको कुराले मात्रै पनि ।

सायद त्यसैले पनि होला, घुर परम्परालाई गाउँले संस्कृति भनियो । जुन संस्कृति अहिले विस्तारै हराउँदै गएको देखिन्छ, गाउँमै पनि । इतिहासविद् डा. विमल शर्मासँग केही दिनअगाडि घुरका विषयमा कुराकानी हुँदा

———— *बाँकी ४ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- मनमा दुविधा उत्पन्न हुनेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । सहकर्मी बाट विरोध आउला । स्वास्थ्य बिगर बिग्र भय पनि छ ।

**वृष** :- ठीक समयमा सही निर्णय लिन सकिनेछ । पारिवारिक सहयोग मिल्ला । कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**मिथुन**:- आज आँटेको र ताकेको कार्य पुरा होला । मनमा शान्ति र अनुहारमा कान्ति छाउला । लाभदायक र सुखद् यात्रा हुने योग पनि छ ।

**कर्कट** :- आज दैनिक कार्यमा प्रगति हुनेछ । साथीभाईसंग समय बित्नेछ । रमणीय र सुखद् यात्राको योग छ । जोश जाँगर र हिम्मत बढ्नेछ ।

**सिंह**:- अधिकार प्राप्तिको लागी संघर्ष गर्नु पर्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । स्वास्थ्य विग्रिएला । आर्थिक कारोवारमा बिवाद आउनसक्छ ।

**कन्या** :- रमणीय यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**तुला** :- वैदेशिक कार्य अघी बढ्नेछ । विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । लाभदायक यात्रा रहला ।

**वृश्चिक** :- आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय पनि रहेको छ ।

**धनु** :- पार्टी तथा सेमिनारमा सहभागी भईएला । धर्म कर्म,परोपकार,समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । लाभदायक यात्रा रहनेछ ।

**मकर**:- आज नयाँ रोजगारको अवसर मिलनेछ । प्रयत्न गरे फाइदा लिन सकिनेछ । आफन्त वा बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ ।

**कुम्भ**:- मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । पारिवारिक सहयोग मिल्ला । दिनको उत्तरार्ध सुखद् रहनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**मिन** :- जोश जाँगर र उमंग बढ्ला । चिताएको कामले तीव्रता लिनेछ । बैदेशिक कार्य अघी बढ्नेछ । आर्थिक कारोवारमा सफलता पाइएला ।

# ‘मैले बोलाएको बैठक मात्र आधिकारिक हुन्छ’ : प्रम ओली

प्रधानमन्त्री एवं सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओलीले आफूले बोलाएको बाहेक अरूले बोलाएको पार्टीका बैठक आधिकारिक नहुने बताएका छन् ।



अध्यक्ष ओलीले पछिल्लो राजनीतिक घटनालगायत विषयमा सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा पार्टीका केन्द्रीय सदस्य तथा विघटित प्रतिनिधिसभाका सदस्यसँगको परामर्श बैठकमा सो तर्क राखेका हुन् ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार एवं पार्टीका केन्द्रीय सदस्य सूर्य थापाले पार्टीको विधानअनुसार पहिलो वरियताको अध्यक्षाका हैसियतले आफ्नो सहमतिविनाको बैठक र निर्णयको कुनै अर्थ नहुने अध्यक्ष ओलीले बताए । सल्लाहकार थापाले अध्यक्ष ओलीमाथि पार्टीले अनुशासनको कारवाही गर्ने भन्ने निर्णय भनिएको विषयलाई औपचारिकता नमान्न सञ्चारमाध्यमलाई पनि आग्रह गरे ।

अध्यक्ष ओलीले यही पुस ७ गते बिहान ९ बजे प्रधानमन्त्री निवास बालुवाटारमा पार्टी केन्द्रीय कमिटीको बैठक आह्वान गरेका छन् । अर्का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले पनि मङ्गलबार नै अपराह्न १ बजे केन्द्रीय कमिटीको बैठक आह्वान गरेका छन् ।**रासस**

## लहानमा ...

भएका थिए । लहान-६ लाई विजय लक्ष्य सम्म पुऱ्याउन २४ बलमा ३९ रन बनाएका अनिस मण्डललाई म्यान अफ द म्याचको उपाधिले सम्मानित गरिएको क्रिकेटर राकेश कामैतले जानकारी दिएका छन् । प्रतियोगिता अन्तर्गत चौथो खेल मंगलबार दिनको १२ बजेदेखि लहान नेटवन र लहान-३ बीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।

## केन्द्रीय ...

१. प्रतिनिधिसभा विघटन गरिएको कार्य असंवैधानिक र अलोकतान्त्रिक भएको तीनै दलको समान धारणा छ । उक्त कार्यको विरोध गर्न तीनै दल सहमत भएका छन् ।

२. तीनै दलले आगामी कार्यक्रम तय गर्न आ-आफ्ना दलका केन्द्रीय कार्यसमितिमा छलफल र निर्णय गर्ने समझदारी भएको छ । आ-आफ्ना दलका सबै नेताप्रति आश्वस्त हुन नसेकेका कांग्रेस र नेकपाले मंगलबार नै केन्द्रीय समिति बैठक डाकेका छन् । कांग्रेसले पार्टीको एकमुष्ट निर्णय गरेर संघर्षका कार्यक्रम घोषणा गर्दा पार्टीसँगै देशभरका कार्यकर्तालाई एक ठाउँमा ल्याउने अवसरका रूपमा उपयोग गर्न लागेको छ ।

सर्वदलीय भने पनि तीन दलीय बैठक मात्र बसेका थिए ।

कांग्रेसबाट सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विमलेन्द्र निधि, महामन्त्रीद्वय डा. शशांक कोइराला र पूर्णबहादुर खड्का, केन्द्रीय सदस्यहरू– बालकृष्ण खाँण, डा. मिनेन्द्र रिजाल र रमेश लेखक सहभागी भए भने, नेपाल कम्युनिष्ट पार्टीबाट अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता झलनाथ खानाल, वरिष्ठ नेता माधवकुमार नेपाल, प्रवक्ता नारायणकाजी श्रेष्ठ, पम्फा भुसाल, वर्षमान पुन र कृष्णभक्त पोखरेल सहभागी थिए ।

जनता समाजवादी पार्टीबाट अध्यक्ष महन्थ ठाकुर, नेता शरतसिंह भण्डारी, सर्वेन्द्रनाथ शुक्ल, जितेन्द्र सोनल सहभागी थिए । बैठकले ओलीको कदम अलोकतान्त्रिक र असंवैधानिक भन्ने विषयमा साझा धारणा बनाए पनि साझा विरोधका कार्यक्रम भने बनाउन सकेका छैनन् । बैठकपछि कांग्रेसले नेता रमेश लेखकले ‘कांग्रेसले यसअघि नै पदाधिकारी बैठकबाट प्रधानमन्त्रीको कदमलाई अलोकतान्त्रिक, असंवैधानिक, सर्वसत्तावादी र अधिनायकवादी भन्दै निन्दा गरेर त्यसविरूद्ध उभिने निर्णय गरिसकेको’ बताए ।

तर, कांग्रेसले प्रधानमन्त्रीको कदमविरूद्ध उभिँदा कस्ता कार्यक्रम हुने भन्ने तय गरिसकेको छैन । बैठकपछि नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले तीन पार्टीका बीच प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटनको घोषणालाई संविधान विरोधी र अलोकतान्त्रिक भनेर साझा धारणा तय गरेको बताए । उनले भने, ‘प्रधानमन्त्रीको कदम असंबैधानिक, अलोकतान्त्रिक र संविधानमा व्यवस्था नभएको अनधीकृत प्रयोग ठहर भएकाले अब त्यसका विरूद्ध केन्द्रीय समितिको म्याण्डेट लिएर अघि बढ्ने सहमति भएको छ ।’ *बाह्रखरीबाट*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

## शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# उखु किसानको आन्दोलनपछि कति उठ्यो बक्यौता ?

सर्लाहीका उखु किसानले सात वर्षदेखिको बक्यौता माग गर्दै सुरू गरेको काठमाडौं केन्द्रित आन्दोलन नवौं दिनमा प्रवेश गरेको छ । मंसिर २८ गते आइतबारबाट सुरू भएको आन्दोलन दोस्रो सातामा प्रवेश गर्दा किसानको उधारो भुक्तानीमा प्रगति भएको छ ।

किसानलाई भुक्तानी दिलाउन समन्वय गरि रहेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार तीन वटा मिलले केहीदिन भित्रै ४९ करोड रूपैयाँ तिर्ने प्रतिवद्धता आएको बताएको छ । त्यसमध्ये ३० करोड किसानको खदातामा पठाउन सुरू भइसकेको मन्त्रालयकी उपसचिव एवं सहप्रवक्ता उर्मिला केसीले बताइन् ।

त्यसबाहेक पनि करिब ४१ करोड बक्यौता रहने आन्दोलनरत किसानहरूको भनाइ छ ।

**हालसम्मको भुक्तानीको अवस्था**

अन्नपूर्ण र इन्दिरा सुगर मिलले किसानको भुक्तानीको लागि १४ करोड रूपैयाँ जोहो गरेको जानकारी गराएको उद्योग मन्त्रालयले जनाएको छ । त्यसमध्ये ५ करोड किसानको खातामा पठाउन थालिएको जानकारी जिल्ला प्रशासन कार्यालय सर्लाहीले मन्त्रालयलाई गराएको छ ।

मन्त्रालयका प्रवक्ता केसीका अनुसार दुवै मिलमा किसानको साढे २२ करोड हाराहारी बक्यौता थियो । मिल सञ्चालकले पनि आइतबार विज्ञप्ति जारी गरेर दैनिक एक करोडका दरले किसानलाई भुक्तानी सुरू भएको जनाएको थियो । उद्योगको बाचाअनुसार किसानले बक्यौता पाए अन्नपूर्ण र इन्दिरा मिलले साढे आठ करोड बुझाउन बाँकी रहन्छ ।

त्यस्तै, रौतहटको श्रीराम सुगर मिलले सबै बक्यौता रकम भुक्तानी गर्ने प्रतिबद्धता जनाएको मन्त्रालयले जनाएको छ । उद्योगले ३५ करोड रूपैयाँ तिर्ने आधार मन्त्रालयलाई बुझाएको छ । यसमध्ये १६ करोड किसानलाई वितरण गर्न सुरू भएको र थप ९ करोड रूपैयाँ तयारी अवस्थामा रहेको मन्त्रालयले जनाएको छ ।

अन्नपूर्ण, इन्दिरा, श्रीराम र लुम्बीनी गरी चार वटा मिलको कुल ६५ करोड हाराहारी बक्यौता रहेकोमा ४९ करोड रूपैयाँ भुक्तानीको चरणमा रहेको मन्त्रालयको दाबी छ । किसानको १० करोड ७४ लाख बक्यौता रहेको लुम्बिनी सुगर मिल भने मन्त्रालयको सम्पर्कमा आएको छैन । मिल सञ्चालक मनिष अग्रवालको निधनपछि उद्योगको दायित्व कस्को भन्ने विवाद देखिएको मन्त्रालयले जनाएको छ । मिल सञ्चालकका नाममा पक्राउ पूर्जी भने जारी भइसकेको छ ।



**किसान आश्वस्त छैनन्**

यता माइतीघरमा आन्दोलनरत उखु किसानले भने मन्त्रालयको भनाईप्रति पूर्ण विश्वस्त हुन नसकेको जनाएका छन् । केही मात्रामा भूक्तानी सुरू हुनु सकारात्मक भएपनि देशभरका किसानले सबै पैसा पाउनेमा आशंका रहेको बताउँदै संघर्ष समितिका संरक्षक राकेश मिश्रले भने, 'मन्त्रालयले आयो भनेको रकम पनि किसानको खातामा गएको छैन ।'

उद्योगको खातामा भएको पैसा देखाएर आन्दोलन स्थगन गर्न दबाब दिएको उनको बुझाई छ । 'तर, सबै ९० करोड नै बक्यौता उठाएर मात्रै किसान घर जानेवाला छन्', मिश्र भन्छन्, 'फेरि यहाँ त किसानको हिसाब र सरकारले भनेको रकम पनि मिलेको छैन ।' शान्तिपूर्ण आन्दोलन र बार्तालाई संगै अगाडि बढाएर किसानको माग पुरा गर्न आफूहरू लागिपरेको मिश्रले बताए ।

**मिलेन २५ करोडका हिसाब**

मंसिर २८ मा किसानले आइतीघरमा आन्दोलन सुरू गर्दा नै चारवटा मिलबाट ९० करोड रूपैयाँ बक्यौता पाउन बाँकी रहेको दावी गरेका थिए । तर, कानुनी अभिलेखमा ५५ करोड रूपैयाँ मात्र बक्यौता रहेको देखिएको उद्योग मन्त्रालयले जनायो ।

किसान आन्दोलन दोस्रो हप्तामा पुग्दा सरकारी हिसाब करिब १० करोड बढेर ६५ करोड हाराहारीमा पुगेको छ, तर किसानहरू यो मान्न तयार छैनन् । 'सरकारी हिसाबमा २५ करोड जति गोलमाल भएको छ', उखु किसान संघर्ष समिति, सर्लाहीका सचिव हरिश्याम राय यादव भन्छन्, 'यस्तो हिसाब हामी कसरी मान्न सक्छौं ?' उद्योग मन्त्रालय पनि किसानको दाबी र सरकारी हिसाव फरक देखिएको बताउँछ । कानुनी रूपमा किसानले पेश गरेको दाबी र उद्योगहरूको विवरणका आधारमा मन्त्रालयले बक्यौता यकिन गरेको सहप्रवक्ता केसीले बताइन् ।

उनले भनिन्, 'किसानहरूको माग दाबी सहि होला, तर अनौपचारिक लेनदेनको हिसाब मन्त्रालयसँग हुँदैन ।'

नमिलेको हिसाब मिलाउन अध्ययन गर्न किसान र सरकारी प्रतिनिधि सम्मिलित कार्यदल गठन हुने उनले बताइन् । किसान र सरकारी टोलीबीच सोमबार वार्ता हुने बताइए पनि सरकारी तयारी नपुगेको भन्दै स्थगित भएको छ । *अनलाईनखबरबाट*

## घुरको ...

उनी पनि आफूले गाउँमा रहँदा भोगेको घुरको धुवाँ र तातो 'मिस' गरिरहेको बताउँदै थिए ।

डा. विमल भन्छन्, ूघुर सरसफाइको एउटा महत्त्वपूर्ण पाटो त हुँदै हो । त्यसदेखि बाहेक यो हरेकलाई केही न केही सिक्ने सिकाउने चौतारो पनि हो । हामीले त्यही घुरको आगो ताप्दै धेरै कुरा सिकेका छौं । खासमा घुर एउटा ट्युसन सेन्टरजस्तै हुन्थ्यो । अलिकति ध्यान दिएर बसे त्यहाँबाट धेरै कुरा सिकिन्थ्यो । चाहे त्यो खेती किसानीका कुरा हुन वा व्यावहारिक ज्ञानका कुरा ू

त्यसो त अरूको बतखोई पनि नहुने हैन, घुरछेउमा । अनेक कुरा गरेर घुरबाट भाग्नुपर्ने अवस्था पनि आउँथ्यो कहिलेकाहीँ ।

तर, घुरको एउटा मीठो सम्झना सधैं आइरहन्छ, ओरहा खाएको । चना वा केराउसहितको हरियो झार नै हामी घुरको आगोमा पोल्थ्यौं र खान्थ्यौं, जसलाई ओरहा भनिन्थ्यो । मौका मिले घरबाट आलु अनि अलुहा (सखरखण्ड) ल्याएर घुरमा हाल्यो र दश–पन्ध्र मिनेटपछि निकालेर पोलेको आलु र अलुहा खायो । गतिलो 'स्न्याक्स' थियो त्यो हाम्रा लागि ।

बस्, स्न्याक्स मात्रै । त्यो उमेरमा अरू त के खानु थियो र !

औरहीको नगोलमा बसिरहँदा रगमगिएको धुवाँले पुऱ्याएको भलुवाही र त्यहाँ तापेको घुरले जन्माएका अनगिन्ती कथा छन् । बस्, अब त घुर पनि एउटा कथा भइसकेको छ । अनेक जातका हिटरहरूको यो युगमा घुरको कथाले के न्यानो देला र ! तर, आफूलाई त्यो न्यानो अहिले पनि अनुभूत भइरहेको छ ।*बाह्रखरीबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)